# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २१/०७९/०८० मितिः२०८०/०१/१४

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

बैठक संख्या २१/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०१/१४

**मिति २०८० साल बैसाख १४ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

**१. समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०१/०६ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।निर्णयहरुको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट बैठकमा जानकारी भयो ।

**२. प्रदेश समपुरक अनुदानका लागि आयोजना छनौट सम्बन्धमा ।**

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, विराटनगरबाट मिति २०७९/१२/१४ मा प्रकाशित आ.व. २०८०/०८१ का लागि समपुरक अनुदानबाट सञ्चालन गरिने आयोजना/ कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सूचना बमोजिम यस नगरपालिकाबाट आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि निम्न बमोजिम आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निम्नः**

१. वडा नं १ को बिरिङ्ग पुलबाट वडा नं २ को भोर्लेनी हुँदै त्रिपुरेश्वर जाने (इलाका) सडक स्तरोन्नति तथा कालोपत्रे

२. वडा नं ९ को हजारे बाँधबाट वडा नं ६ को तीनपैनी हुँदै वडा नं ११ को नयाँ बसपार्कसम्म ड्रेन निर्माण

**३. शीर्षक परिवर्तन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा योजना (संशोधन समेत) अन्तर्गत निम्न बमोजिमका आयोजनाहरुको शीर्षक परीवर्तन गर्नक लागि सम्बन्धित वडा समितिको सिफारिस बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुने गरी शीर्षक संशोधन गर्ने निर्णय गरियो ।

| साविक आयोजना | रकम | संशोधित आयोजना | रकम |
|---|---|---|---|
| ४ नं टोलको पानी निकास ड्रेन | ४ लाख | ४ नं टोल सडक स्तरोन्नति | ४ लाख |
| भुपाल मार्ग ५०० मि (साझेदारी योजना) | २९ लाख | लाहुरे मार्ग | २९ लाख |

**४. औषधोपचार सहयोग ।**

अर्जुनधारा नगरपालिका ५ नं वडा कार्यालयका वडा सचिव श्री पुजा कोइरालाका पति श्री अनिल भट्टराई दुर्घटनामा परी गम्भिर घाइते भई हाल विएण्डसी अस्पतालमा कार्यरत रहनु भएको र निजको औषधोपचारमा ठूलो खर्च आउने देखिएकाले निजको औषधोपचार सहयोगका लागि रु ५० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**५. शनिश्चरे अस्पतालमा थप जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

शनिश्चरे अस्पतालको सेवा सञ्चालनका लागि कार्यरत जनशक्ति अपुग भई थप जनशक्ति सेवा करारमा लिनका लागि व्यवस्थापन समितिको निर्णयानुसार अनुरोध भई आएकोमा सो विषयमा आगामी बैठकमा पुनःछलफल गरी निर्णय गर्ने निर्णय गरियो ।